# काजी कालु पाँडे र कीर्तिपुरको पहिलो युद्ध

गंगा कर्माचार्य (हाडा)

समाज र राष्ट्रका निमित्त विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरूको खोजिनीति गरी कदर र सम्मान गर्ने लहर चलेको आजको परिप्रेक्ष्यमा, काजी कालु पाँडेले नेपालको एकीकरण अभियानमा पुऱ्याएको योगदानलाई पनि नेपालीहरूले बिर्सन सक्तैनन् । एकीकरण अभियान प्रारम्भ गर्नका लागि विशेष योग्यताले सम्पन्न कालु पाँडेलाई पृथ्वीनारायण शाहले जनमतको आधारमा काजी पदका लागि चुनेका थिए । यिनको नेतृत्वमा गोरखाली फौजले सफलता हासिल गर्दै आईरहेकोमा, वि.सं. १८१४ जेष्ठ १९ गते भएको कीर्तिपुरको प्रथम युद्धमा उनले वीरगति प्राप्त गरेपछि गोरखाली पक्षले लज्जाजनक हारको सामना गर्नु परेको थियो । उनको राजभक्ति र वीरतासँग गाँसिएको उक्त युद्ध, कीर्तिपुरेहरूको वीरगाथाले ओतप्रोत छ । दहचोकबाट उनले शुरु गरेको उक्त युद्धको दहचोककै डाँडामा गएर बिसर्जन पनि हुन गयो । दहचोकमा उनको चिहान या समाधिस्थल भएको बारे पनि विद्वान्हरूमा मतभिन्नता भएर केही प्रश्नहरू तेर्सिने गरेकाले त्यस सम्वन्धमा पनि चर्चा गर्न खोजिएको छ । आफ्नो दिव्यउपदेशमा पृथ्वीनारायण शाहले कालु पाँडेको संस्मरण धेरै पटक गरेका छन् । उनको मृत्युपछि पश्चातापको अग्निमा जलेर उनले कालु पाँडेलाई बिर्सनै नसक्ने भए ।

## कालु पाँडेको परिचय

वद्धुसिद्धको नामबाट पनि परिचित भएका कालु पाँडेको जन्म वि.सं. १७७० ताका भएको थियो । उनको न्वारानको नाम "बंशीधर" थियो ।[१] श्याम वर्णका भएकाले उनलाई घरमा 'काल्' नामले पुकार्ने गर्दथे । गोरखाका ६ थरघरमा पर्ने काजी भीमराज पाँडेका छोरा भएकाले दरबारबाट उनले राम्रो शिक्षादीक्षा पाएका थिए ।[२] पृथ्वीनारायण शाहले मायाले उनलाई "काल्या" अथवा "कालु" नामले पुकार्ने गरेको कुरा पछिका वर्णनहरूबाट पुष्टि हुन्छ । उमेरले पृथ्वीनारायण शाहभन्दा ९ वर्षले जेठो भएतापनि उनी उनका दौंतरी पनि थिए ।[३] मकवानपुरमा युवराज दिग्वन्धन सेनसँग गोरखाली पक्षको मनमुटाव चल्दा, दुलहीले लगाएको गहना र अन्माउँदा चढेको एकदन्ता हात्ति पनि गोरखालीको हुन्छ भनी माँग गर्ने दलका अघिसरा कालु पाँडे थिए ।[४] ससुरालीको तितो अनुभव लिएर सीधै घर नफर्की

*Contributions to Nepalese Studies*, Vol. 31, No. 2 (July 2004), 341-357
Copyright © 2004 CNAS/TU

पृथ्वीनारायण शाह नेपाल खाल्डोको दर्शन गर्न ६ थरघरका साथ चन्द्रागिरीको डाँडामा पुगे । ससुरालीमा दिग्वन्धन सेनलाई युद्धको हाँक दिएर आएको कुरा गुनेर बसेको बेला गोरखामा मामा उद्योत सेनसँग उनको भेट भयो । भेटका अवसरमा, दिग्वन्धन सेनसँग गरेको युद्धको हाँक र मल्ल राजाहरूसँग पनि लड्ने निश्चय गरेको कुरा उनले मामा समक्ष जाहेर गरे । साथै कस्तो काम गरे, कुन जातकालाई सेनापति बनाए काम चाँडो फत्ते होला भनि उनले प्रश्न गरेपछि जवाफमा मामाले भनेको कुरालाई आत्मसात गरी चलाएको एकीकरण अभियानमा कालु पाँडेलाई प्रमुख व्यक्तिको रूपमा सामेल गरेका थिए ।[५]

**लमजुङसँगको सन्धि (वि.सं. १७९७)**

लमजुङलाई आफ्नो पक्षमा पारेर मात्र विजय यात्रा अघि बढाउनु उचित हुन्छ भन्ने कुरा सोची पृथ्वीनारायण शाहले गोरखा र लमजुङका बीच चिठ्ठी पत्रहरू आदान प्रदान गरे । फलस्वरूप लमजुङका राजा रिपुमर्दन शाह मन्त्रीहरू साथ सभामा उपस्थित हुन चेपेघाट (गोरखा र लमजुङको दोसाँधमा परेको) आइपुगे । पृथ्वीनारायण शाह पनि नरभूपाल शाहको छाप लिएर चनाखा मानिसहरूका साथ चेपेघाटमा उपस्थित भए । गोरखाली दलको नेतृत्व कालु पाँडेले गरेका थिए । लमजुङको कास्कीसँग झगडा रहेको बेला कास्की गोरखासँग मिली आफ्नो शक्ति नबढाओस् भनि लमजुङ सतर्क भयो र गोरखाले पनि नुवाकोट जित्ने अभिलाशा राखेकाले एकले अर्काको मद्दत गर्ने कुरामा धर्म भाके । लमजुङले चलाएको काजमा गोरखाले र गोरखाले चलाएको काजमा लमजुङले सरदार समेत मानिस पठाएर मद्दत गर्ने सल्लाह भयो । गोरखाले पूर्व सिन्धुसम्म जितोस् भन्ने आफ्नो चाहना रहेको कुरा पनि लमजुङले व्यक्त गऱ्यो । सन्धिका अवसरमा कालु पाँडेले देखाएको तीक्ष्ण बुद्धिवाट अत्यन्त खुसी र प्रभावित भएका पृथ्वीनारायण शाहले सो कुरा आफ्नो उपदेशमा यसरी व्यक्त गरेका छन् "जे मेरो मनमा थियो, सब उही बोलेर त्यो कालुले बाँध्यो लम्जुङ साथ सन्धि बलियो तीखो निजी बुद्धिले । सो घा वन्धनवाट पार्ष्णिभयको (विपरित दिशाका राज्यको भय) शङ्का भयो क्यै कम, हामीलाई अगाडि वढ्न यसले केही दियो तत्क्षण ।"[६] सन्धि पछि आफ्ना छोरा वंशराज पाँडे र लमजुङे राजाका छोरा वीर मर्दन शाह वीच मितेरी लगाई कालु पाँडे गोरखा फर्के ।[७] लमजुङ र गोरखाका राजाहरू सम्मुख अरु कुरा गर्नु पर्दा प्रायः चेपे नदीको किनारमा आई भेट गरेको उल्लेख पाइन्छ । यस सम्वन्धमा द्रव्य शाह र नरहरी शाहले उक्त स्थानमा भेट गरेको घटना पनि इतिहासमा प्रसिद्ध छ । मल्ल राजाहरू पनि काठमाण्डौ र पाटनलाई छुट्याउने वाग्मती नदीको टेकु दोभानमा आई (तीनै शहरका) भेटघाट गर्ने गरेको कुराको उल्लेख ठ्यासफुमा पाइन्छ । लमजुङसँगको सन्धिमा पृथ्वीनारायण शाहले विशेष परिश्रम गर्नु परेन । कालु पाँडेले सबै चाँजोपाँजो मिलाई दिएकाले यसबाट पृथ्वीनारायण शाह उनीदेखि ज्यादै प्रभावित भए । राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिले यो सन्धिपछि कालु पाँडेको प्रतिष्ठा निक्कै बढ्न गयो ।

**कालु पाँडेको कज्याईं**

एकीकरण कार्य शुभारम्भ गर्नुभन्दा पहिले पृथ्वीनारायण शाहले कज्याईं जिम्मा दिने काम पुरा गर्नु आवश्यक थियो । उक्त पदका लागि योग्य उम्मेदवार चयन गर्नु पर्ने भएकाले कसलाई चुनेमा पूर्व हान्ने काम फत्ते होला भन्ने कुरा उनको मनमा लागीरहेको थियो । राज्यको बन्दोवस्त गर्न राजालाई योग्य मन्त्री भएमा मात्र सजिलो हुने र उक्त पदका लागि योग्य व्यक्ति छान्दा निक्कै विचार पुऱ्याउनु पर्छ भन्ने कुरामा प्राचीन आचार्यहरूले विचार व्यक्त गरेका छन् । लमजुङसँगको सन्धि पछि आफू त रिझिए, त्यस्तै जनतालाई पनि रिझाउने गुण कालु पाँडेमा छ छैन भनी उनले बुझ्ने चेष्टा गरे । मन्त्रीमा सो गुणको आवश्यकता हुन्छ भन्ने कुरा शास्त्रले पनि बताएकाले उनले मानिसहरू दौडाई यस सम्बन्धमा बुझ्दा दुनियाँदाहरूको मत पनि कालु पाँडेकै पक्षमा रहेको र चौवीसी बाईसीहरू पनि कालु पाँडेकै पक्षमा रहेको ठहर भयो । कालु पाँडेलाई कज्याईं दिएमा सन्धि सम्झौता बलियो हुनेछ भन्ने उनीहरूको सल्लाह थियो । शुरुमा पृथ्वीनारायण शाहको विराज बखेतीलाई मन्त्री (काजी) बनाउने विचार भएता पनि पछि निष्पक्ष भई बुझ्दा कालु पाँडेनै धेरै बुद्धि भएका र उनलाई नै मन्त्री बनाउनु पर्छ भन्ने धेरैको राय भएकाले उनलाई मन्त्री चुन्नु परेको थियो ।[८] यो कुरा उनले आफ्नी जेठी आमा समक्ष यसरी व्यक्त गरे "मैले नेपालको काम आट्या; कसलाई अख्तियारी गराया, मेरो काम फत्ते होला .... मगरका भरले पनि मेरो काम भएन, पन्थका भरले पनि मेरा काम भएन, म काशी जाँदाखेरको मिहनत देख्दा भीमराज पाँडेका छोरा कालु पाँडेलाई मुख्तियार गराया मेरो काम फत्ते होला झै लागिरहेछ, जो हुकुम ।" उनको यस्तो रायमा जेठी आमा चन्द्र प्रभावतीले पनि सही थपिन् । परम्परा अनुसार उनले पहिले आमाहरू, भाइ छोराहरूसित सल्लाह गरी पछि सबै थरघर भारा पंच समेत राखी कचहरी गराई कज्याई लायकको व्यक्ति को होला भनी राय दिन लगाए । सबैले "कज्याईंको काम चलाउन सक्ने कालु पाँडे नै हो" भनेर आफ्नो राय व्यक्त गरे । घरमा मात्र होइन बाहिरबाट पनि समर्थन प्राप्त गर्न चाहने कालु पाँडेले यसबारे नेपाल पहाडका राजाहरूलाई समेत पत्र मार्फत जानकारी गराई राय माँग्नु पर्ने सल्लाह पृथ्वीनारायण शाहलाई दिए । ती सबैले पनि कालु पाँडे कै पक्षमा मत दिए । पृथ्वीनारायण शाहले पनि कालु पाँडेलाई मन्त्री पदको निमित्त चुन्नु पर्ने कारणहरूमा उनी गणेश पाँडेको वंशमा पैदा भएका, नरभूपाल शाहको समयमा केही वर्ष काजी भएका भीमराज पाँडेका छोरा भएका, लमजुङसँगको सन्धिमा उनले कूटनैतिक योग्यता देखाई सकेका र बनारस यात्राको समयमा गोरखामा चन्द्रप्रभावती, चौतरा महोद्दामकीर्ति शाह र रणरुद्र शाहहरूका साथमा रही प्रशासनिक दक्षता देखाइसक्नु आदि नै थिए । कालु पाँडेले पनि कज्याईं दर्शन गर्नु भन्दा पहिले आफ्नातर्फबाट गोरखाका थरघर भारा पंच र प्रजासँग राय माँगे । सबैले उनले कज्याईं चलाउनु पर्ने कुरामा सहमति प्रदान गरेपछि ढुक्क भई कालु पाँडे शुभ साइतमा कज्याई दर्शन गर्न तयार भए । त्यसबेला उनले राजालाई यस्ता तरहले विन्ति गरे– "हुकुम मान्छु कजात्रि दर्शन त म गर्छु, बुद्धि वर्गत भयासम्म भरमगदुर गादिको सोझो गर्न्यै छु. तदर्थ मेरा जियले मात्रै कजात्रि षाई हुदैन जहाँ सम्म हाम्रा सन्तानले

गादिको सोझो गरिज्यांलसम्म काज चलाउन सकिन ज्यालसम्म कजात्रिमान पाँडेले षानु भैनि बन्देज गरीवक्सनुभये अब जवाफ आवस्" पृथ्वीनारायण शाहबाट पनि "काजगरी काजको कजात्रि चलाउन सकिंज्याल् धर्म सम्झि गादिको सोझो गरिन्ज्याल तेरा संततिलाई कजाई नषोस्नु एस वातका साछि श्री गुरु (गोरखानाथ) श्री (मनकामना)" भनी बन्देज गरी दिए ।[९] उक्त कवोल वमोजिम नै पृथ्वीनारायण शाहले बंशराज पाँडेलाई योग्य भएपछि मन्त्री पदमा नियुक्त गरेको हुनु पर्दछ । सोही बमोजिम अहिले पनि पाँडे खानदानलाई "काजी" भनी सम्वोधन गर्ने चलन छँदैछ । यसबाट कालु पाँडेको दूरदर्शिता र बुद्धिमत्ता स्पष्ट हुन्छ भने राजाले गरेको कवूल पुरा गरेको पनि स्पष्ट हुन्छ । प्रजाको सर्वसम्मतिबाट मुख्य मन्त्री चुनिएको यो घटना गोरखाको इतिहासमा पहिलो थियो । जनताले छानिएको काजी हुँ भन्ने अभिमान पनि उनमा हुने नै भयो ।

### पाँडे बस्नेतको सम्बन्ध

चित्रादेवीको उमेर पुगेपछि उनको विवाहको चिन्ताले कालु पाँडेलाई सताएको थियो । वस्नेत खानदानमा, शिवराम सिंह वस्नेतका छोरा केहर सिंह बस्नेतको पनि विवाह योग्य उमेर भएकाले पृथ्वीनारायण शाहको संयोजकत्वमा दुवै बीच विवाह सम्पन्न भयो । यस विवाह बन्धनवाट पाँडे र बस्नेत बीच मित्रता वढन गई गएर सैनिक अभियानको तयारीमा जुट्न कालु पाँडेलाई निक्कै सजिलो हुन गयो ।[१०]

### चौबिसी बाईसीसँग सन्धि

लमजुङलाई आफ्नो पक्षमा राखेपछि पश्चिमका अन्य चौविसी बाईसी राज्यहरूसँग पनि नयाँ सन्धि सम्झौता गर्नु पर्ने सुझाव कालु पाँडेले राजालाई दिए । त्यसपछि भाइ भारादार सकल थरघरको कचहरी गरी राजाको इच्छा पूरा गर्न र पश्चिमका सकल राजाहरूको चित्त बुझाउन सरसौगातका साथ मानिसहरू र वकीलहरू खटिए । नेपालको जीतपछि प्राप्त धनदौलत आपसमा बाँडीचुडी खाने कुरा पनि ती वकीलहरूले गरे । तर चौबिसी वाईसी राजाहरूले गोरखालाई थाहै नदिई आपसमा सल्लाह गरी आफ्नो नेतृत्व लमजुङलाई दिई राखेकाले ती सबै राज्यका वकीलहरू पनि लमजुङ गए । गोरखाका वकीलहरू लमजुङ पुगे पछि कालु पाँडे पनि लमजुङ पुगे । लमजुङमा लेनदेनको कुरा चलेपछि धर्मवन्देजको कागज गर्नुपर्ने कुरा उठ्यो । त्यसैले कालु पाँडेकै सल्लाह वमोजिम लमजुङे राजाले आफ्ना भाइ चौतरिया हस्ते पत्रलेखी कालु पाँडेका साथ गोरखा पठाए । कालु पाँडेकै सल्लाहअनुसार पृथ्वीनारायण शाहले नेपाल जितेपछि "लाख बिस दिउला" भन्ने दोहोरो अर्थ लाग्ने करार पत्र लेखी ती चौतरिया हस्ते पठाए । अर्थात् गोरखालीले यस्को एक लाख बीस हजार अर्थ लगाए भने लमजुङेको अर्थमा बीसलाख हुन गयो । करार पत्रको अर्थ नै नलगाईकन चौतरिया पनि लमजुङ फर्के ।

चौबिसी बाईसीसँग यसरी सन्धि हुन सकेकोमा यो सफलताको श्रेय पनि कालु पाँडेले पाए । पृथ्वीनारायण शाहले आशा गरे भन्दा बढी सफलता पाएकाले कालु पाँडेको पिठ्यूँमा

धाप दिई स्यावासी दिए । नेपाल जितेको दिनसरह नै हर्ष मनाउनु पर्छ भनी हर्ष बढाई गरी उनले देवी देवताको पूजा गरी भोजको आयोजना पनि गर्न लगाए । सन्धिपछि पनि चौबिसी बाईसीहरू धर्म बन्देजअनुसार चल्छन् चल्दैनन् भनि जाँच गर्न गोरखा प्रशासनले मानिसहरू खटाई राख्ने भयो ।[११]

## नुवाकोट माथि दोश्रो आक्रमण र विजय

निर्धारित योजनाअनुसार कान्तिपुरको मूलद्वारको रूपमा रहेको र तिब्बतसँगको व्यापारिक मार्गको रूपमा रहेको नुवाकोट जित्नु गोरखालीका लागि आवश्यक थियो । जय प्रकाशमल्लको नियन्त्रणमा रहेको उक्त गढको सुरक्षाको अभिभारा जयन्त रानालाई सुम्पिएको थियो । नरभूपाल शाहको समयमा भएको नुवाकोटको हमला असफल भएपछि सेनापति महेश्वर पन्तको चुकुलीमा परी (अर्का सेनापति) जयन्त राना खोसुवामा परेका थिए । त्यसपछि उनी जयप्रकाश मल्लको सेवामा प्रवेश गरी नुवाकोटको उमराव बनेर बसेका थिए । गोरखाबाट अन्यत्र गएका मानिसलाई गोरखामा बोलाउनु पर्छ भन्ने कालु पाँडेको सल्लाहअनुसार पृथ्वीनारायण शाहले महेश्वर पन्त र वली पन्तलाई गोरखा झिकाए । युद्ध पूर्व जयन्त रानालाई पनि आफुतिर तान्ने प्रयास गरेकोमा–"जयप्रकाश मल्लको नून खाईसके अब गोरखालीको पक्षमा आउन सक्दिन" भन्ने जयन्त रानाको जवाफबाट पृथ्वीनारायण शाह रिसाएका थिए ।[१२] ज्योतिषी कुलानन्द ढकालले दिएको नुवाकोट हान्ने साइतलाई राजा र मन्त्री दुवैले गोप्य राखे । संवत् १८०१ मा १,००० सेना मध्येमा केही भाग आफ्ना साथमा राखी बाँकि भागलाई पृथ्वीनारायण शाहले दुई दलमा विभाजित गरे । त्यसमा गेर्खुको बाटो हुँदै अघि बढ्ने सैनिक दलका दलमुखी कालु पाँडे थिए । यसै दलमा १२ वर्षका चौतरा दलमर्दन शाह पनि सामेल थिए । उक्त दल महामण्डपमा उक्ली दलमुखी भएर बसेका जयन्त रानाका छोरा शंखमणि रानाको दलमर्दन शाहबाट हत्या भएपछि महामण्डप गोरखालीहरूको कब्जामा पर्न गयो । त्यहाँबाट गोरखालीहरूले ओह्रालो लागेर गढ फुटाउन बिस्फोटक पदार्थ प्रयोग गरी नुवाकोट माथि सफल हमला गरे । केही समयको संघर्षपछि बढाँईका साथ पृथ्वीनारायण शाहले नुवाकोट दरवार प्रवेश गरे ।[१३]

## बेलकोट कब्जा

नुवाकोटको दखल बलियो भएपछि गोरखालीलाई बेलकोट सर गर्नु आवश्यक थियो । छोराको मृत्युपछि गोरखालीसँग मुकाविला गर्न जयन्त राना डटेर बसेका र थप सेनाको निमित्त उनी काठमाण्डौमा पत्राचार गर्दै थिए । नुवाकोटबाट भागेर आएका सबै जनताहरूलाई बटुलेर गोरखालीसँग बदला लिन जमेर बसेको उनको स्थितिबाट उत्तेजित भएर पृथ्वीनारायण शाह कसैलाई खबर नै नगरी सेना लिएर हमला गर्न अघिसरे । मल्ल सेनाले चाल पाएर माथिबाट वाणको वर्षा गर्न थाले । पृथ्वीनारायण शाहका सैनिकहरू हत्पताई उनका पछि लागे । कालु पाँडेले पनि घोरघाटमा आई उनलाई भेट्टाए । 'हड्वडमा

लडाई छेडी हाल्नु हुँदैन" भन्ने कालु पाँडेको भनाई माथि "तैले लडाई सिकाउलास् र म लडाई गरुँला" भन्ने उत्तर दिएर पृथ्वीनारायण शाहले आफ्नो पालकी अघि बढाए। उनी ठाना नजिक पुग्दा वैरीका तर्फबाट खसेको वाण देख्दा पालकी उठाई फर्कने विचार गरेको ( पृथ्वीनारायण शाहलाई) देख्दा कालु पाँडेले अघि सरेर युद्ध जारी राख्नु पर्ने, यसो नगरे वैरीको मनोवल बढ्ने कुरा सम्झाई उनलाई युद्धमा सामेल गराए। गोरखाली फौजले जयन्त रानालाई पक्रेपछि युद्ध थामियो। घाइते सैनिकहरू तर्फ नजर फिजाएर जीतको अवसरमा पनि पृथ्वीनारायण शाहको मलीन अनुहार देखी कालु पाँडेले यसको कारण सोधे। सेना ध्वस्त भएकोमा आफ्नो भूल स्वीकार गर्दै उनले कालु पाँडेलाई "अवदेखि कटकका कुरामा विना तेरा सल्लाह गर्न्या छैन" भन्दै पीठमा धाप दिंदै जयन्त रानालाई साथमा लिई नुवाकोटतर्फ प्रस्थान गरे।[१४] मन्त्रीहरुसँग सरसल्लाह गरी जयन्त रानाको जिउँदै छाला काढियो। यो विभत्स हत्याबाट मगर भारादारहरूको मानसिकतामा आघात पर्न गएकाले पछि उनीहरूको पुरानो पद प्रतिष्ठा कायम गर्न पृथ्वीनारायण शाहले विराज थापालाई पुनः सेनापति नियुक्त गरेका थिए।[१५]

वेलकोट विजयपछि नुवाकोटलाई मुख्य मुकाम बनाई गोरखालीहरू पूर्वतिर बढ्ने योजनाको कार्यान्वयन यहींबाट गर्न थाले। यहाँबाट काम गर्न विशेष पाइक पर्ने भएकाले नुवाकोटलाई राजधानी घोषित गरी पृथ्वीनारायण शाहले एकीकरणको कार्य यहींबाट प्रारम्भ गर्ने निर्णय गरे। मल्ल राजाहरूका दरवार पाँच तल्ले हुने भएकाले उनले नुवाकोटमा सात तल्ले दरवार निर्माण गर्न लगाई युद्धका बेलामा यत्रतत्र लागेका भलामानिसहरूलाई सम्झाई बुझाई आदरसाथ नुवाकोटमा सामेल गराए। वि.सं. १८०२ देखि १८२४ सम्मका दस्तावेजहरूमा नुवाकोट नै गोरखालीहरूको मुकाम रहेको स्पष्ट हुन्छ। सबैको सल्लाह बमोजिम उनले ८/१० जना थरघरलाई गोरखामा पठाई महारानी, भाइहरूलाई नुवाकोटमा झिकाउन पठाए। गोरखालीहरूले कान्तिपुर विजय पछि कान्तिपुर राजधानी बन्ने सौभाग्य प्राप्त गरेता पनि नुवाकोटसँग पृथ्वीनारायण शाहको लगाब हटेको थिएन। उनले आफ्नो अन्तिम घडी नुवाकोटमै बिताउने विचार गरी तादी किनारमा रहेको शान्त रङ्गमहलमा उपदेशहरू दिए।[१६] नुवाकोटलाई आफ्नो पुर्खाको थलो मान्ने पृथ्वीनारायण शाहका थरघरमा पाँडे वंशका बंशजहरू आज पनि आफूलाई "नुवाकोटे" अथवा आफ्नो घरलाई "नुवाकोट थर" भनाउनमा गौरव गर्नेहरू पनि छन्।

## नालदुम, महादेवपोखरी र लामीडाँडा माथि अधिकार

काठमाण्डौका लागि युद्ध छेड्नु भन्दा पहिले नालदुमगढी माथि अधिकार गर्नु आवश्यक भएकाले वि.सं. १८०२ असोजतिर नालदुम र महादेवपोखरी कब्जा गर्न कालु पाँडे खटिए। उक्त क्षेत्रहरू लिनका लागि मल्लसेना र गोरखाली सेनाका बीच युद्धहरू भए। वि.सं. १८०३ भाद्रमा बिना रक्तपात वल्लतल्ल उक्त क्षेत्र गोरखालीले हासिल गर्न सके।

चौबिसी बाइसीसँग काठमाण्डौको सम्बन्ध विच्छेद गराउन गोरखालीहरूका लागि लामिडाँडा माथि अधिकार गर्नु आवश्यक थियो। त्यसबेला भक्तपुर गोरखालीको मित्र वनी

बसेको थियो । जयप्रकाश मल्ल शरणार्थी भई बसेको समयमा काजी तौढिकको पनि गोरखाली माथि केही गर्ने आँट थिएन । लमजुङसँग गोरखाको मित्रता कायमै थियो । वि.सं. १८०४ मा पाटन र तनहुँ बीच निक्कै सम्पर्क बढेपछि लामीडाँडाको केही भाग तनहुँले कब्जा गरी सकेको थियो । अब पर्खनु गोरखालीका लागि उचित थिएन र लामीडाँडाको विषयमा कुरा मिलाउन पाटनको एक प्रतिनिधिमण्डल तनहुँ गएको थाहा पाई कालु पाँडेले कूटनीतिको खेल खेल्न शुरु गरे । तनहुँलाई लामीडाँडा माथिको दावी नछोड्नु भन्ने सल्लाह दिई पाटनबाट तनहुँ गएको प्रतिनिधिमण्डललाई बाटैमा रोकी पाटनले गोरखासँग सम्बन्ध राख्नु उचित हुन्छ भन्ने कुरा सम्झाई कालु पाँडेले पाटनलाई आफ्नो पक्षमा पार्ने प्रयाश गरे । लामीडाँडा माथि गोरखाली सेना प्रवेश गरेपछि मित्रताको दुहाई दिदै वि.सं. १८०४ श्रावण १४ (१९ अगष्ट १७४७) मा पाटनका राजा राज्यप्रकाश मल्लले 'जसो गरे पाटन राज्य रहन्छ त्यसै गर' भनी कालु पाँडेको नाममा पत्र लेखे । वि.सं. १८०१ मा जयप्रकाश मल्लले नुवाकोट छोडीदिए जस्तै पाटनले पनि लामीडाँडा गोरखाका निमित्त छोडीदिनु पर्‍यो भन्ने कालु पाँडेको माँग थियो । पाटनलाई आवश्यक परेको बेलामा काठपात काटेर लैजान पाउने शर्तमा विना युद्ध गोरखालीले लामीडाँडा माथि आफ्नो अधिकार जमाए । लामीडाँडाको सिरान द्यौरालीमा एकठाना राखी कालु पाँडे नुवाकोटमा उपस्थित भए । तनहुँ पनि नचिढिउन् भनेर जोगीमारा उनकै अधिकारमा रहन दिए। नुवाकोट र लामीडाँडा गोरखामा मिलेपछि वि.सं. १८०४ सम्म राज्यको विस्तार दोब्बर भयो ।[१७] त्रिशुली र महेश खोलाको दोभानदेखि दहचोकसम्म फैलिएको लामीडाँडा त्यसबेला सैनिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण मानिएको थियो ।

### कालु पाँडेको पूर्वतिर बढ्ने प्रयत्न

काठमाण्डौका राजा जयप्रकाश मल्ल सत्ताच्यूत भएर रहेको बेला यहाँको नराम्रो स्थितिबाट फाइदा उठाउन सकिन्छ भन्ने कुरामा पृथ्वीनारायण शाह विश्वस्त थिए । तर वि.सं. १८०७ मा उनी पुनः सत्तामा आएपछि उनले चौबिसीहरूसँग सम्पर्क राख्ने प्रयास गरेको कुरा गोरखालीहरूलाई चित्त बुझेन । वि.सं. १८११ मा उनले चिकुटी मास्केको नेतृत्वमा नालदुम र महादेव पोखरीमा हमला गर्न पठाएर उक्त प्रदेशहरू गोरखालीहरूबाट फुत्काएर लिए । यसबाट नुवाकोट देखि दूधकोशीसम्म फैलिएको गोरखा राज्य दुई फ्याक भयो । त्यसैले पनि कालु पाँडेलाई पूर्वतिर हान्न पठाउने पृथ्वीनारायण शाहले निश्चय गरे । तर गोरखाले पूर्वतिर बढ्ने अवसरमा लमजुङ भड्कने सम्भावना भएको कुरा कालु पाँडेले पृथ्वीनारायण शाहलाई सम्झाए । लमजुङको राय सल्लाह बेगर गोरखाले पूर्वतिर नबढ्ने कुरा गोरखा लमजुङको सम्झौताको एक शर्त थियो । गोरखाले पूर्वतिर हान्ने योजना बनाएको थाहा पाएर लमजुङे सरदार महिमन खवास रिसाएर आफ्नो देश फर्कन बट्टारसम्म पुगे । त्यसपछि हडबडाएर पृथ्वीनारायण शाहले कालु पाँडेले दिएको सल्लाह बमोजिम केही समयका लागि रुद्र शाहीलाई कज्याईं दिई लमजुङको मुखमा बुझो लगाउन कालु पाँडेलाई

महिमनका साथ लमजुङ पठाए । लमजुङलाई थामथुम पारी कालु पाँडे तुरुन्तै नुवाकोट फर्की आफ्नो पद सम्हाल्न पुगे ।[१८]

**चौबिसीहरुको असफल प्रयास**

वि.सं.१८१२ मा कालु पाँडे नुवाकोटमा गएको समय पारेर चौबिसी राज्यहरू (तनहुँ, लमजुङ, कास्की र पर्वत) ले एकगढ भएर सिह्रानचोक माथि कब्जा जमाए । यो खबर पाएर कालु पाँडे केही फौजका साथ रुद्र शाहीलाई लिएर गोरखातर्फ प्रस्थान गरे । बैशाख र जेष्ठ दुई महिना लडाईको तारतम्य मिलाएर उनीहरू वर्षायाम कुरेर बसे । झरीको समयमा मर्स्याङ्दी र चेपेखोला बढेपछि वैरीले रसदको अभाव महसुस गर्न थाले । यही समय पारेर कालु पाँडेले चौबीसीको जत्थालाई समाप्त मात्र पारेनन् अपितु युद्धको राम्रो नतिजा पर्खेर बसेका जयप्रकाश मल्ल र रणजीत मल्लका सपनासमेत चकनाचूर भएर नौं वर्षसम्म गोरखालीहरूका विरुद्ध हतियार उठाउने उनीहरूले हिम्मत समेत गर्न सकेनन् । चौबिसी फौजलाई चेपे पारीसम्म लखेटे पछि गोरखालीहरूले काठमाण्डौको सेरोफेरोतर्फ आफ्नो ध्यान केन्द्रित पार्ने मौका पाए ।

**गोरखाको आर्थिक संकट हटाउने कालु पाँडेको प्रयास**

वि.सं. १८१२ तिर पृथ्वीनारायण शाहले आर्थिक संकट परेको महसुस गरी पाटनको खराव राजनैतिक स्थितिबाट लाभ उठाउने प्रयास गरे । पाटनको ठकुराई भित्र पर्ने कीर्तिपुर र त्यसको सेरोफेरोका गाउँमा हमला गरी धन जम्मा गर्ने कामका लागि उनले कालु पाँडेलाई खटाए । दहचोकतिरबाट कीर्तिपुरसम्म कब्जा गर्न छोटो बाटो पर्दछ । तर उनी चितलाङ्गको बाटो गरी फर्पिङमा उत्री बुंगमती र खोकना सर गर्दै पाटनतिर सोझिए । यसवाट ललितपुरदेखि दक्षिणपट्टिका गाउँहरूमा खलबली मच्चियो । त्यसबेला जयप्रकाश मल्ल पनि गोरखालीहरूसँग लड्ने तयारीमा थिएनन् । त्यसैले उनले एक पत्र लेखी त्यहाँवाट कालु पाँडेलाई हटाउने प्रयास गरे । पत्रमा उनले– "पाटन हान्न गयाका फौज नुवाकोट फिराया उप्रान्त २ मितज्यूको एकै बोलचाल हुँजी पाटन भित्र कटक गर्नु छैन भादगाउँ भित्र कटक गर" भन्ने लेखेका थिए । जयप्रकाश मल्ल गोरखालीहरूसँग लत्रिएको यो पहिलो पटक थियो । ललितपुरका प्रधानहरू भयभीत भई हर्जानाका रूपमा गोरखालीहरूलाई धन दिन तयार भए । कालु पाँडे पनि हातमा परेको धन लिई नुवाकोट हाजिर भए ।[१९] विगत: १३ वर्षमा केवल धनका लागि मात्र गोरखालीले हमला चलाएको यो पहिलो पटक थियो । यसबाट गोरखाली अभियान आर्थिक संकटबाट गुज्रीरहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।[२०]

**कीर्तिपुर माथि आक्रमणको योजना**

उपत्यकाभित्रको मेलमिलाप नीतिबाट मल्ल राजाहरुको शक्ति बढ्न लागेको देखी पृथ्वीनारायण शाहले उपत्यकातिर वढ्ने काममा ढिलाई गर्न नहुने देखे । उनी दहचोकगढी

नजिक पर्ने ललितपुरको अधीनमा रहेको कीर्तिपुर माथि छिट्टै आक्रमण गर्न चाहन्थे । कान्तिपुरका र पाटनका केही व्यापारीहरूलाई उनले गोरखामा बोलाई त्यहाँ भीमसेनको मूर्ति स्थापित गराई व्यापार गर्न लगाए । मल्ल राजाहरूको हिन्दूधर्मप्रतिको विशेष लगावका कारण बौद्धधर्मावलम्वीहरू केही असन्तुष्ट थिए । तिनै व्यापारीहरू मार्फत् उनले ती बौद्ध धर्मावलम्वीहरूलाई आश्वासन दिने काम गरे । तिनै व्यापारीहरू मार्फत प्राप्त सूचनाहरूका आधारमा गोरखामा कार्यक्रमहरू बन्दथे । रणजीत मल्लका माहिलो छोराको सहयोगबाट भक्तपुरमा भएका सबै गुप्त सूचना रामकृष्ण कुँवरलाई प्राप्त हुन्थ्यो । यसैगरी कीर्तिपुरेहरूलाई हात लिने काममा सफलता प्राप्त नभएपछि उनले उपत्यका भित्र पस्ने मूलद्वारको रुपमा रहेको कीर्तिपुर माथि हमला गर्ने अठोट गरे ।[२१]

भक्तपुरको दूधकोशी छेउछाउसम्मका इलाकामा गोरखालीहरूले कब्जा जमाई सकेपछि र सिह्रानचोकको युद्धमा चौबिसीहरूलाई पनि हराई सकेपछि अब निकट भविष्यमानै काठमाण्डौमा गोरखाली आक्रमण हुन्छ भन्ने कुरामा जयप्रकाश मल्ल निश्चित भए । काठमाण्डौ उपत्यकाका खस मगरहरू पनि गोरखालीहरूसँग मिल्ने संभावना देखी उनले काँगडाका नगरकोटी उस्तादहरू झिकाई कान्तिपुरका नवयुवकहरूलाई सैनिक तालीम दिनु पर्ने आवश्यकता देखे । मुगल शासक जहाँगीरको समयमा काँगडाको नगरकोट मुगलहरूको हातमा परे पनि ती नगरकोटीहरूले मुगल शासकहरूलाई त्यहाँबाट धपाई ठकुरी राज्यको स्थापना गरेका थिए । त्यसबेलादेखि नगरकोटीहरूको बहादुरीको बयान डोटी, अछाम हुँदै काठमाण्डौसम्म पुगेको हुनाले तिनीहरूलाई काठमाण्डौमा झिकाउन जयप्रकाश मल्लले मानिस दौंडाए । वि.सं. १८१३ को शिवरात्रीको मेलाको भीडसँगै कान्तिपुरमा उत्रिने गरी डेढसय जति नगरकोटीहरू पर्सागढीको बाटो आईरहेका थिए । कालु पाँडेले फर्पिङबाट ललितपुरतिर बढ्ने प्रयास गर्दासम्म तिनीहरू काठमाण्डौ आईपुगेका थिएनन् । त्यसैले जयप्रकाश मल्लले कालु पाँडेसँग पाटनको मामलामा लत्रेर पत्र लेख्नु परेको थियो । तर ती नगरकोटीहरू काठमाण्डौमा आइपुगेपछि उनीहरूलाई उपत्यकाका तीनै शहरका मुख्य मुख्य गाउँहरूमा फिंजाई नवयुवकहरूलाई सैनिक तालिम दिन लगाए । भक्तपुर र पाटनका राजाहरूसँग गुहार मागी जयप्रकाश मल्लले तीनैवटा राज्यको नेतृत्व आफै सम्हाल्न तम्से "किर्तिपुर भन्याको नेपालको मुटु हो त्यो गोर्षालि ले लियो भन्या त हामीहरू तिनै राजाको राज्य गयो यस्लाई अघि हामिहरूले दहचोकमा उकलन् दिन्या होइन उवेला हामिले चुक्यौं आज फेरि किर्तिपुर लियो भंन्याता हामीहरू सबैलाई मान्यो तसर्थ हामि तिनै राजा भै किर्तिपुरका गुहार गरि थाम्न्या जोग्य छ" भनी तीनै देशका राजाहरू कीर्तिपुरको मद्दत गर्नतिर लागे ।[२२]

### कीर्तिपुरको अवस्थिति

दहचोकबाट १$^{१}/_{२}$ घण्टाको हिंडाईमा कीर्तिपुरको डाँडो पुगिन्छ । बल्खु खोला तरेर जङ्गल छिचोली पुगिने त्यस बेलाको कीर्तिपुर गढको रुपमा चारैतिरबाट पर्खालले घेरिएको थियो । लिच्छवि राजा शिवदेवको समयमा नै कीर्तिपुर शहरको रूपमा विकसित भईसकेको थियो ।

त्यसवेला कुनै पनि "पुर" हुनलाई सुरक्षाको दृष्टिले मजबूत वनजंगल, खाई, पर्खाल आदिले घेरिएको गढको रुपमा हुनु पर्दथ्यो । कीर्तिपुर सानो भए पनि धार्मिक र साँस्कृतिक दृष्टिले सो शहर आज पनि निक्कै प्रसिद्ध नै छ ।[२३] पश्चिम र दक्षिण दिशाबाट काठमाण्डौ आउँदा कीर्तिपुरको डाँडो टड्कारै देखिन्छ । पर्यटकीय आगन्तुकका लागि यो ठाउँ अति रमणीय देखिन्थ्यो भने कुनै लडाकुको लागि सबैभन्दा चुनौतीको रूपमा रहेको थियो । यो शहर प्रवेश गर्ने १२ वटा प्रवेशद्वारहरू रहेकाले दक्षिणपट्टिको पर्खाल फोडी उक्लेर ढोका खोलेपछि मात्र यहाँ हमला गर्न संभव हुन्थ्यो । तर उक्त कार्यलाई गोरखालीले सजिलैसँग मुकाविला गरी अघि वढे ।[२४]

कीर्तिपुर माथिको आक्रमण चलाउन पृथ्वीनारायण शाहले आफ्ना मन्त्रीहरूसँग राय सल्लाह माँगे । दहचोकका संरक्षक हरिवंश उपाध्यायले– 'अहिले अभियान चलाउने उपयुक्त समय नभएको' राय व्यक्त गरे । मल्ल राजाहरू संगठित भएको अवसर भएकाले उनीहरूमा फूट नआएसम्म कीर्तिपुर माथि आक्रमण गर्नु संभव हुँदैन भन्ने उनको विचार थियो । ज्योतिषी कुलानन्द ढकालले पनि यस्तै विचार गरेर लडाईंको साइत दिन इन्कार गरे । दहचोकको यो परामर्श लिने कार्यक्रममा कालु पाँडेले पनि सो समय आक्रमणको निमित्त उचित नभएको विचार यसरी व्यक्त गरे– "तिन शहर यक मुहदा भैरहेछ यसबेला किर्तिपुर हान्या फुट्न्या छैन" । तर यस माथि पृथ्वीनारायण शाह रिसाएर उल्टो कालु पाँडेको राष्ट्रभक्ति माथि शंका गरी उल्टो सुल्टो भन्न थालेपछि कुनै पनि हालतमा युद्धमा जान कालु पाँडे तयार भए । बालकृष्ण जैसीबाट कीर्तिपुर आक्रमणको साइत तयार गर्न लगाएर कालु पाँडे युद्धका लागि खटाइए । युद्धवाट आफु सकुशल फर्कन नसक्ने कुरा देखीसकेका कालु पाँडेले छोराहरूको जिम्मेवारी राजालाई सुम्पिदिएर युद्ध क्षेत्रका लागि प्रस्थान गरे ।[२५]

### युद्धको स्थिति

साइतअनुसार वि.सं. १८१४ जेष्ठ १९ गते (२८ मे १७५७) उज्यालो हुँदा नहुँदै खानपिन गरी कालु पाँडे १२०० जति सैनिकलाई साथमा लिई दहचोक गढीबाट तल झरे । उक्त सैनिक दलका पछि स्वयम् पृथ्वीनारायण शाह पनि आफ्ना अंगरक्षकका साथ तल झरे । दहचोकमा गोरखाली सैनिक दल आक्रमणका लागि तयार भइरहेको खवर सुनी तीनै शहरमा सैनिक तयारी हुन थाल्यो । कीर्तिपुर देखि उत्तर-पश्चिमपट्टिको झंसीखेल चौरमा गोरखाली सैनिक दल जम्मा हुँदासम्ममा जयप्रकाश मल्लको नेतृत्वको कान्तिपुरको सैनिक दल आइपुग्यो र दुवैतर्फबाट बाजा बजे । कान्तिपुरका सैनिकहरू गोरखाली सैनिकहरूसँग युद्धमा भिडीरहेको बेला मध्यान्हमा ललितपुरका सैनिकहरू र अपरान्हमा भक्तपुरका सैनिकहरु पनि युद्धमा सामेल भई ढाड हान्न लागे। मल्ल सेना संख्यामा गोरखालीहरू भन्दा दोब्बर भए पनि योग्य सेनापति कालु पाँडेको नेतृत्वमा गोरखाली सेनाले ढपेटा दिईरहेको थियो । कारण मल्ल सेनाले नगरकोटी उस्तादहरूवाट तीन महिना जति तालिम लिएको भए पनि कृयात्मक अभ्यास भने गर्न पाएका थिएनन् । यत्तिकैमा अचानक शत्रुपक्षवाट आएको काँडले कालु पाँडेको शिरमा प्रहार गरी उनलाई ढलाई दियो । ढलेका सेनापति माथि अरू

वाण प्रहार भई उनको निधन भयो । कालु पाँडेले वीरगति प्राप्त गरेपछि हतास भएको गोरखाली सेना तित्तर वित्तर भई भाग्न थाल्यो । पर बसेर युद्धको दृश्य हेरीरहेका पृथ्वीनारायण शाहले जीतको कुनै आशा नदेखी आफ्नो सेनालाई दहचोकमा फर्कने आदेश दिए ।[२६]

अर्को एक श्रोतअनुसार युद्ध चलीरहेको अवस्थामा काजी धनवन्तका छोरा वीरनरसिंहले कालु पाँडेको गर्दनमा खुँडा प्रहार गरी शिर छिनाली दिए । शिर विनाको उनको शरीर करीब ५० फिट जति दगुरे पछि ठक्कर लागेर अड्कियो । तैपनि उनको हातमा तरबार छँदै थियो । कीर्तिपुरको उत्तर पूर्वी फाँटमा (सुन्दरीघाट देखि पश्चिम, कीर्तिपुर डाँडादेखि उत्तर भ:ख्य र नारल फाँट) तिर लडिएको यस युद्धले शहरभित्र कुनै खास असर गरेन । गोरखाली दल दहचोकबाट ओर्ली तिनथानाको बाटो हुँदै डानिगालतिरबाट कीर्तिपुर ट्याङ्लाटारको उकालो चढ्न लागे । यस आक्रमणको खबर पाई कीर्तिपुरेहरू पनि काजी धनवन्तको नेतृत्वमा आफु आफुसँग भएका सबै हातहतियार बोकी नरनारी समेतको दल बनाई सलह जस्तै ट्याङ्लाटारतिर अघि बढे । पूर्व घोषणा विना नै युद्ध गर्न आएका गोरखालीहरूमाथि युद्धको नियम तोडेको आरोप पनि लाग्यो ।[२७] तलतिर रहेका गोरखालीहरू माथि कीर्तिपुरेहरूले डाँडा माथिबाट वाणको वर्षा गरे । माथितिर राखिएका ढुँगाको थुप्रोबाट तलतिर वैरीलाई हान्न केटाकेटी, बुढाबुढी, स्वास्नी मानिसहरू सबै लागेका थिए । दुवैतिरबाट हानिएका ढुँगाहरू आपसमा जुद्धा त्यसबाट निस्केको आगोबाट वनमा डढेलो लाग्यो । यसबाट भागाभाग गरेका मानिसहरू, शिरविना छटपटाईरहेका सैनिक, घाइते बीरहरू, मृतक सैनिकका लासको थुप्रोले गर्दा रातको समय अत्यन्त भयपूर्ण मसानजस्तो देखिन्थ्यो । युद्धमा आधाजति गोरखाली सेना नास भैसक्दा पनि कीर्तिपुरको ढोका खुल्ला गर्न नसकेपछि तिनीहरू पछि हट्नु पऱ्यो । "सैन्यमा सर्दार भयाका अतिशूरा कालो पांडेकन कीर्तिपुऱ्याले कपटले मारिदियो" । कपटले गर्दा युद्धमा कालु पाँडेको मृत्यु भएको भन्ने छाप पृथ्वीनारायण शाहलाई लागेकोले यसको बदला उनले वि.सं. १८२२ चैत्र ३ मा वंशराज पाँडेको नेतृत्वमा कीर्तिपुर जितेपछि कीर्तिपुरेहरूको नाक काटी सम्पत्ति र विर्ताहरण गर्न लगाएका थिए ।[२८]

कालु पाँडेको मृत्युपछि कीर्तिपुरे फौजले लखेट्दा पृथ्वीनारायण शाहलाई पनि ज्यान बचाउन मुस्किल परेको थियो । उनलाई एक पुट्वार जातिको मानिसले बचाएपछि जयकृष्ण थापाको पिठ्युँमा चढी उनी दहचोक पुग्न सफल भए । भोलिपल्ट जयप्रकाश मल्लले घाइते गोरखाली सैनिकहरूलाई लैजाने आदेश दिएकाले तिनीहरू दहचोक ल्याईपुऱ्याइए । ती घाइते जवानहरूलाई देखी पृथ्वीनारायण शाह विव्हल भई यसरी अभिव्यक्त गरे– "काल्याले त भन्याथ्यो मेरा हट्ले लडाइ बिगाऱ्यो" । अब यहाँ बसी भलो हुँदैन भनी दहचोकको रक्षार्थ केही फौज राखी बाँकिका साथ उनी नुवाकोट पुगे । जयप्रकाश मल्लको सेना पनि आधाजति नष्ट भयो । उनले कुनै लपेटा लिएनन् । उनले कालु पाँडेको शिर मात्र काटेर लगे । 'गोरखाका धेरै शूरवीरहरू मारी सके अव फेरी शीर उठाउने उनीहरूको के तागत होला' भनी घमण्ड गरेर जयप्रकाश मल्लले कान्तिपुरमा फर्की बढाँई गरे । उनले गल्तिले

गोरखाली सेनालाई त्यसबेला लपेटा लिएनन् । उनले चाहेको भए गोरखाली सेनालाई नुवाकोटसम्म पनि धपाउन सक्दथे । तर कतिपय कारणवश पनि उनले त्यसो नगरेको हुन सक्छ । मल्ल सेनाले गोरखाली सेनाको ढाल, तरवार, खुँडा आदि कीर्तिपुरको बाघभैरवको देवालयमा टाँसी दिए । मन्दिरको माथिल्लो तल्लामा टाँसिएका हेलमेट, ढाल, जाली टुक्रा कालु पाँडेका थिए भन्ने विश्वास त्यहाँ गरिन्छ । त्यस्तै २५,३० वटा तरवारहरू त्यहाँ रहेकोमा तिनीहरू गोरखाली सैनिकहरूका हुन् भन्ने पनि जनविश्वास रहेको छ । मानिसहरूले मर्दा अथवा अन्य अवसरहरूमा ती सम्बन्धित व्यक्तिहरूका मालसामान मन्दिरहरूमा टाँस्ने गरेको (चलन रहेको) कुरा पनि तत्कालीन देवदेवीका मन्दिरमा टाँसेर राखेका मालसामानहरूबाट पुष्टि हुन्छ ।

कालु पाँडेले युद्धमा वीरगति प्राप्त गरेपछि कीर्तिपुरेहरूको लखेटाईमा पर्दा पृथ्वीनारायण शाहको गर्दनमा समेत सेनाको खुँडा प्रहार हुन लागेको थियो । सेनाले राजालाई मार्नु हुँदैन । राजालाई राजाले मात्र मार्नु हुन्छ । होइन भने यो धर्मको विपरीत हुन्छ भनेकाले उनी बचेर दहचोक पुग्न सफल भएका थिए । काजी धनवन्तलाई अघि लगाएर बढेको लस्करले कीर्तिपुरको जयजयकार गर्दै ट्याङ्लाटारबाट कीर्तिपुर शहरतर्फ लागेको यो अवसरलाई कीर्तिपुरको इतिहासमा स्वर्णिम अवसर मानिन्छ । त्यस्तो महत्वपूर्ण युद्ध बारे भन्न सक्ने व्यक्तिहरू कीर्तिपुरमा विद्यमान छैनन् । जबकि कान्तिपुर, भक्तपुरको युद्धको वर्णन गर्न सक्ने बुज्रुक व्यक्तिहरू थिए । कीर्तिपुरका निमित्त यो दुर्भाग्य र दुःखको कुरा हो । उपत्यकाका तीनवटै राजाहरूको मेलमिलापको परिणाम स्वरूप गोरखालीहरूले युद्धमा हारको सामना गर्नु परेपनि वि.सं. १८१४ पौष २३ मा जयप्रकाश मल्लले पृथ्वीनारायण शाहसँग मेलमिलाप गरी सन्धि गर्न धर्मपत्र लेखीपठाए ।[२९]

**कालु पाँडेको थुम्का**

कीर्तिपुरको युद्धमा वीरगति प्राप्त गर्ने गोरखाली सैनिकहरूका लास जतातते थन्किएर त्यसबाट धेरै थुम्काहरू बनेका थिए भन्ने विश्वास छ । त्रिभुवन विश्वविद्यालयमा हाल रहेको तीनकुने बसस्टपबाट टड्कारो देखिने दक्षिणतिरको भाजंगलमा रहेको एक थुम्कोलाई स्थानीय बासिन्दाहरूले कालु पाँडेको थुम्को हो भनी विश्वास गर्ने गरेको पाइन्छ । वैष्णवी माध्यमिक विद्यालयको परिसरमा रहेको उक्त थुम्को माथि एउटा लाम्चो आकारको ढुँगाको मन्दिर ठडिएको छ । गोरखालीहरूको कीर्तिपुर बिजय पछि गोरखाबाट कीर्तिपुरमा आई, स्थायी बसोवास गर्ने छामिछाने परिवारका साहिला खत्री र कर्ण बहादुर खत्री (जो सातपुस्ता देखि त्यहीं बसोबास गर्दै आएका छन्) हरू पनि उक्त थुम्को कालु पाँडेको हो भन्ने कुरा सुन्दै आएको बताउँछन् । कीर्तिपुरको पहिलो युद्धमा कीर्तिपुरेहरूले कडा शैलीमा गोरखाली आक्रमणको प्रतिकार गर्न सकेको र उक्त युद्धमा वीरगति प्राप्त गरेका सेनापति कालु पाँडेको महत्वबारे पृथ्वीनारायण शाहले आफ्ना उपदेशहरूमा लेख्न लगाएकाले पनि कालु पाँडेको थुम्को सम्बन्धित जनश्रुतिले आजसम्म त्यहाँ स्थान पाएको हुनपर्दछ । तर मल्ल शैलीमा निर्मित उक्त थुम्को माथिको मन्दिर र त्यसको वायाँतर्फ भित्तामा टाँसिएको

अभिलेखमा उल्लेखित संवत् ८०७ र नेवारी लिपीसमेत प्रयोग भएकोले कालु पाँडेसँग यसले सम्बन्ध नराखेको स्पष्ट हुन्छ । कीर्तिपुरका युद्धहरूमा वीरगति प्राप्त गरेका सैनिकहरू गाँडिएको भनिएका थुम्काहरू केही दशक अगाडिसम्म त्रिभुवन विश्वविद्यालयको स्थापना अघिसम्म कीर्तिपुरमा थुप्रै थिए । लासको मुखमा वत्तिले दागवत्ति दिई उत्तर फर्काई गाड्ने चलन थियो । ती थुम्काहरू माथि निर्माण कार्य सम्पन्न गरिएकाले कुनै नष्ट भए भने कुनै कुनै आजसम्म पनि बाँकि नै छन् । कालु पाँडेको थुम्को भनिने चाहिँ बाटोको दोसाँधमा थियो । तर एक दशक अघि बाटो फराकिलो पार्दा उक्त थुम्को पनि सम्याई सकियो । बाँकी रहेका अन्य थुम्काहरूमा उत्खनन् कार्य गर्न सके साँचो कुरा केही पुष्टि हुन सक्ला ।[३०]

कीर्तिपुरको यो पहिलो युद्ध सिद्दानचोकको युद्ध जस्तै निर्णायक युद्ध थियो । यसमा धनजनको क्षतिका साथै योग्य कमाण्डर कालु पाँडेको समेत निधन भएकाले यसको १७ वर्ष पछि मरण शैय्यामा छँदा पनि उनलाई सम्झेर पृथ्वीनारायण शाहले यस्ता भाव व्यक्त गरेका थिए–

> 'द्रव्यशाह गोरखाको राजा हुदा धेरै मेहनत गर्ने बाहुन गणेश पाँडेले रामशाहको पालामा पनि मन्त्री भएर सल्यानको लडाईमा बीरगति प्राप्त गरेका थिए । तिनै गणेश पाँडेको छैठौं पुस्तामा जन्मेका कालु पाँडे क्षत्री ज्यादै निडर थियो । सधैं खुशी भएर राजा र दुनियाँको हित गर्ने कालु पाँडेले साहससाथ लड्दै कीर्तिपुरको युद्धमा प्राण छाडे । भोटको मामलामा चीनले साथ दिएसम्म हामीले राजनीतिको दाउपेच खेल्नु पर्छ । त्यतातिरको कुरा कालु पाँडेका सन्तानले जानेका छन् । त्यसकारण हाम्रो उत्तरतिरको सन्धि आदि काम कालु पाँडेका सन्तानको जिम्मामा रहोस्' । युद्धमा जानु पूर्व कालु पाँडेले आफ्ना छोराहरूलाई राजाको जिम्मामा छोडेर गएकाले उनको मृत्यु पछि बंशराज पाँडे र दामोदर पाँडे पृथ्वीनारायण शाहको "मरवट" व्यवस्थाअनुरुप दरवारकै शिक्षादिक्षामा हुर्के । बंशराज पाँडे योग्य भएपछि (२३ वर्षको उमेरमा) कालु पाँडेको मन्त्री पद (पाँच वर्षसम्म खाली राखिएको) सम्हाल्न लगाएर पृथ्वीनारायण शाहले देशको निमित्त उनले लगाएको गुणको बदला चुकाए । बंशराज पाँडेकै सक्रीयतामा वि.सं. १८२२ चैत्र ३ मा तेश्रोपल्ट गोरखालीहरूले कीर्तिपुरमाथि रक्तपातविहीन विजय गर्न सकेका थिए ।[३१]

**कालु पाँडेको समाधिस्थल – दहचोक**

कालु पाँडेले आफु पूर्वतिर बढ्नु भन्दा पहिले ललितपुर राज्यको चौबिसी राज्यहरूसँग सम्पर्क हुने पश्चिमेली मूलद्वारको रूपमा रहेको दहचोक माथि कब्जा गर्नु अति आवश्यक देखी वि.सं. १८११ मा आफ्ना तीनपुस्ते भाई तुलाराम पाँडेको नेतृत्वमा उक्त क्षेत्र दखल गर्न पठाएका थिए । पहिले दहचोकको सेरोफेरो माथि कब्जा जमाएर तुलाराम पाँडेले

गढीलाई नै गोरखालीहरूको नियन्त्रणमा पारेपछि हरिवंश उपाध्यायलाई गढीको संरक्षक बनाई त्यहाँ बस्ती बसाउने काम पनि शुरु गरेका थिए ।[३२] यस विजयले कालु पाँडेलाई पूर्वतिर बढ्ने हौसला प्राप्त भएको थियो भने दहचोकसँग उनको भावनात्मक सम्बन्ध पनि रहन गएको कुरा पछि हुने वर्णनबाट स्पष्ट हुन्छ ।

दहचोकमा कालु पाँडेको समाधिस्थल छ भन्ने स्थानीय जनताको विश्वास छ । २४०० मिटरको ऊचाईमा रहेको दहचोकको सबैभन्दा अग्लो थुम्कोलाई कालु पाँडेको समाधिस्थल मानिन्छ । कालु पाँडेको अन्तिम इच्छाअनुसार गोरखा र कीर्तिपुर टड्कारै देख्न सकिने ठाउँमा उनको शिर गाडी समाधिस्थल बनाइएको थियो । स्थानीयबासीको भनाईसँग बंशावलीमा "जयप्रकाश मल्लले शीरमात्र काटी लग्या" भन्ने उल्लेखले मेल खाँदैन । हिन्दू संस्कार अनुसार टाउको गाड्ने होइन जलाउने गरिन्छ । जयप्रकाश मल्लले काटेर लगेको कालु पाँडेको शिरको प्रदर्शन कीर्तिपुरेहरूले शहर घुमाएर गरे र विजयले मात्तिएको उक्त भीडले प्रदर्शनका लागि बाघभैरवको मन्दिरमा उनको शीर झुण्ड्याई दिए भन्ने भनाई पनि कहीँ कहीँ रहेको छ । राजालाई जनताले काट्नु हुँदैन भन्ने सिद्धान्तमा अड्ने कीर्तिपुरेहरूले कालु पाँडेको शरीरको भाग एकै ठाउँमा राखी दाह संस्कार गर्न दिनु पर्ने थियो । प्राचीन मान्यताका विपरीत जयप्रकाश मल्लले टाउको मात्र लगेर शरीर त्यसै छोडी दिए होलान् र ? हरूवा राजा जयप्रकाश मल्लको बदनामी गर्ने यो गोरखाली प्रयास पनि हुन सक्छ । कालु पाँडेको शरीर बारे बंशावलीमा उल्लेख नभए पनि उनको शिर अथवा शरीरलाई अन्य घाइते सैनिकहरूका साथ दहचोक ल्याइएको हुनुपर्छ । तेश्रो पल्टको प्रयासपछि, कीर्तिपुर विजयपछि बंशराज पाँडेले राजाको आदेश पाई दहचोकमा उनको स्मृतिमा समाधिस्थल बनाएको पनि हुनुपर्छ । कारण दहचोकसँग कालु पाँडेको मात्र होइन पृथ्वीनारायण शाहको पनि भावनात्मक सम्बन्ध रहेको देखिन्छ । दहचोकलाई राजधानी बनाई त्यहाँ दरवार निर्माण गरी भाइभारादार थरघरका लागि पनि घर बनाई आफ्नो साथमा राख्ने उनको सपना थियो । आफ्नो दिव्यउपदेशमा उनले आफ्ना दुईवटा सपना पूरा नभएको कुराको जिकिर गरेका छन् । गोरखाका राजा रामशाह, नेपाल खाल्डोका राजा जयस्थिति मल्ल र कान्तिपुरका राजा महेन्द्र मल्लले व्यवस्था गरेजस्तै काल विचार गरी नयाँ व्यवस्था गरी प्रजाको हित गर्ने उनको अभिलाषा थियो । त्यस्तै ठूलो राज्य चलाउन, लडाईं पनि खेलिरहन धेरै मानिसहरू साथमा राख्नु पर्ने हुन्छ । ती मानिसहरूका निमित्त घर बनाउन आवादी जग्गा होइन बाँझो जग्गाको आवश्यकता थियो । सो उद्देश्यको लागि पृथ्वीनारायण शाहले दहचोकमा दरवार बनाई त्यसको चारैतिर छाँट पारेर घरहरू बनाई त्यसमा छ थरका भारादारहरू, गुरुपुरोहित, भाइ भैयादहरू राख्ने जसबाट तिनीहरूले दुनियाँको घरमा आँखा लाउन छोडुन् भन्ने इच्छा गरेका थिए । उपत्यकाका तीन राम्रा शहरहरूमा कहिले काहीं मात्र बस्ने र अरु बेला दहचोकलाई राजधानी बनाएर त्यही बसी सबै काम संचालन गर्ने उनको इच्छा भए पनि सो पूरा हुन पाएन भनी उनले दिव्यउपदेशमा बोलेका छन् ।[३३] उनको सोही इच्छाको क्रममा आफ्ना प्रिय मन्त्री कालु पाँडेको समाधि त्यहीँ राखेकोमा सान्दर्भिक नै देखिन्छ । कारण मृत्यु शैय्यामा समेत सम्झना गर्ने पृथ्वीनारायण शाहले कालु पाँडेको स्मृतिमा दहचोक

(कीर्तिपुरको युद्धसँग धेरै सम्वन्धित) मा उनको समाधि स्थापना गर्नुमा कुनै असंगति देखिदैन ।

कालु पाँडेले नेपालको एकीकरणमा पुऱ्याएको योगदान माथि विचार गर्दै उनको सम्मान गर्नु पर्ने विचार जनस्तरबाट उठेको छ । "दहचोकमा कालु पाँडेको सालिक राखियोस्" शीर्षकको लेखमा– कालु पाँडेको सम्भना गराउने उनको चिहान दहचोकमा रहेको छ । तर विदेशीहरूले समेत सम्मान गर्ने कालु पाँडेको नाममा कुनै सालिक, गुठी संस्था छैन । उनको समाधिस्थल, दहचोकमा सालिक स्थापना गर्न सके पर्यटकीय क्षेत्रमा यसले महत्वपूर्ण टेवा दिन सक्थ्यो होला भन्ने उक्त लेखको सारांश रहेको छ ।[३४] हाल आएर पाँडे वंशका सचेतकहरूबाट आफ्ना गौरवशाली पुर्खाहरूको सम्भनामा धेरै कार्य भईरहेको कुरा प्रकाशमा आएको छ । दहचोकमा कालु पाँडेको समाधिस्थलको निर्माण गर्न १० आना जग्गाको वन्दोवस्त भइसकेको र बाँकि थप जग्गाको निमित्त पनि स्थानीय साँध सीमाका जग्गाधनीहरूसँग कुरा भईरहेको छ । समाधिस्थलको नक्सा र लागतको इष्टिमेट समेत भईसकेको छ । त्यस्तै पाँडेवंशको देवाली स्थल मानिने गोरखाको खोप्लाङ्गमा गणेश पाँडे, कुमाल र भारती (कुलदेवता बोकेर आउने) का प्रतिमा राख्ने, उक्त परिसरमा पाटी–पौवा, सत्तल र कम्पाउण्डवालको समेत निर्माण गरी पानीको आवश्यक व्यवस्था गर्ने भएको छ । खोप्लाङ्गमा करेव २ रोपनी जग्गाको परिसरमा कालु पाँडेको अर्धकदको प्रतिमा स्थापना गर्ने काम श्री ५ को सरकार पुरातत्व विभागबाट हुन लागेकोमा स्थानीय जनता र पाँडे वंशबाट कालु पाँडेको पूर्णकदकै प्रतिमा राख्नु पर्ने कुराको पत्राचार सम्वन्धित विभागमा भईरहेको छ । कालुपाँडेको नामको हुलाक टिकटमा केही वर्ष पहिले टाँचा लागेको थियो भने धादिङ्ग जिल्लामा "कालुपाँडेमार्ग" को नामाकरण पनि सम्वन्धित विभागबाट गरिएको थियो । उपरोक्त सूचनाहरू "काजी कालु पाँडे, काजी तुलाराम पाँडे स्मृति प्रतिष्ठान" को २०५९–११–२४ मा बसेको प्रथम वार्षिक साधारण सभाबाट प्रकाशमा आएका हुन् । पाँडे वंशका अन्य पुरुषहरूको नाममा पनि धेरै कार्यहरु गर्दै लैजाने लक्ष्य रहेको कुरा पनि उक्त सभाबाट स्पष्ट हुन आएको छ ।

## टिप्पणी

१. पाँडे वंशावली, भू.पू. प्रमुख सैनिक सचिव, (अ.प्रा.) रथी ऋषिकुमार पाँडेको घर, ढल्कोवार, काठमाण्डौमा सुरक्षित छ ।

२. देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य (सं.), *श्री ५ पृथ्वीनारायण शाहको उपदेश*, काठमाडौं: श्री दरवार ललितपुर, जगदम्बा प्रकाशन, पृ. १३७–१३८ ।

३. भीम बहादुर पाँडे क्षत्री, *राष्ट्र भक्तिको झलक*, काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०३४, पृ. ११ ।

४. भण्डारी र अन्य (सं.), *पादटिप्पणी नं.* २, पृ. ११ ।

५. *ऐजन*, पृ. २३७–२३९ ।

६. ऐजन, पृ. ३६–३८ र बाबुराम आचार्य, श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग १, राजदरवारः श्री ५ महाराजधिराजको प्रेस सचिवालय, वि.सं. २०२४, पृ. १३३–१३४ ।
७. ऐजन (भण्डारी र अन्य), पृ. ७०७ – ७०९ ।।
८. ऐजन, पृ. ३९–४२ ।
९. ऐजन, पृ. ७०४–७०८ ।
१०. ऐजन, पृ. ४३ ।
११. ऐजन, पृ. ७०९–७१५ ।
१२. ऐजन, पृ. ५७–५९ र ७१५ ।
१३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, नुवाकोटको ऐतिहासिक रुपरेखा, काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर, वि.सं. २०३२, पृ. ६५–६६ ।
१४. भण्डारी र अन्य, पादटिप्पणी नं. २, पृ. ७३६–७४० र ७३२–७३६ ।
१५. वि.के. रानामगर, गोरखाका मगरहरु, काठमाण्डौः राजमैयाँ रानामगर, वत्तिस पुतली, वि.सं. २०५४, पृ. ३९–४१ ।
१६. बज्राचार्य र श्रेष्ठ, पादटिप्पणी नं. १३, पृ. ७०, ७३ ।
१७. भण्डारी र अन्य, पादटिप्पणी नं. २, पृ. ७५०–७५१ र आचार्य पादटिप्पणी नं. ६, पृ. २४३–२४४ ।
१८. ऐजन, पृ. ७८९–७९० ।
१९. आचार्य, पादटिप्पणी नं. ६, पृ. ३३८ ।
२०. पाँडे क्षत्री, पादटिप्पणी नं. ३, पृ. ३७ ।
२१. बासु पासा, कीर्तिपुर, काठमाण्डौः पासा प्रकाशन, वि.सं. २०४९, पृ. २९–३० ।
२२. आचार्य, पादटिप्पणी नं. ६, पृ. २९–३०, ३३९–३४० र ३६१ ।
२३. धनवज्र बज्राचार्य, मल्लकालका अभिलेख, काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५६, पृ. ४८७ ।
२४. आचार्य, पादटिप्पणी नं. ६, भाग २, पृ. ३४१ र शुक्रसागर श्रेष्ठ, कीर्तिपुरको साँस्कृतिक र पुरातात्विक इतिहास, काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५७, पृ. १४–१५ ।
२५. आचार्य, पादटिप्पणी नं. ६, पृ. ३४०, ३६२ ।
२६. ऐजन, पृ. ३४१–३४२ ।
२७. वासुपासा, पादटिप्पणी नं. २१, पृ. ३२–३४ र श्रेष्ठ, पादटिप्पणी नं. २४, पृ. १६ ।
२८. धनवज्र वज्राचार्य (सम्पा.), त्रिरत्न सौन्दर्यगाथा, काठमाण्डौः नेपाल संस्कृत परिषद्, नेपाल, वि.स. २०१९, पृ. १०८–१०९ र ११५–११६ ।
२९. आचार्य, पादटिप्पणी नं. ६, पृ. ३४१, ३४२ र ३६३ बासुपासा, पादटिप्पणी नं. २१, पृ. ३७ र २०५९ को शुरुमा श्री शुक्रसागर श्रेष्ठले वहाँको कार्यालय नेपाल राष्ट्रिय अभिलेखालयमा भेटको अवसरमा दिनु भएको अभिव्यक्ति ।
३०. श्रेष्ठ, पादटिप्पणी नं. २४, पृ. १७ र लामिछाने परिवारको अभिव्यक्ति (२०५९) ।
३१. भण्डारी र अन्य, पादटिप्पणी नं. २, पृ. १३७–१३९ र पाँडे क्षत्री, पादटिप्पणी नं. ६, पृ. ४७ ।
३२. आचार्य, पादटिप्पणी नं. ६, पृ. २९२–२९३ ।

३३. **बासुपासा**, पादटिप्पणी नं. २१, पृ. ३४, भण्डारी र अन्य पादटिप्पणी नं. २, पृ. २६२ र २६५–२६७ र २०५९–७ मा श्री तुलसीराम वैद्यले 'दहचोकमा कालु पाँडेको समाधि' बारेमा राख्नु भएको तर्क ।

३४. सुरक्षा मानन्धर, "दहचोकमा कालु पाँडेको सालिक राखियोस्", गोरखापत्र, काठमाडौं: वि.सं. २०५८ माघ १२ गते शुक्रबार, पृ. ४ ।

## सन्दर्भ ग्रन्थ सूची


आचार्य, बाबुराम, वि.सं. २०२४, *श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*, राजदरवार: श्री ५ महाराजधिराजको प्रेस सचिवालय ।

*ऐतिहासिक कालु पाँडे समाधिस्थल*, वि.सं. २०५६, भ्रमण रिपोर्ट, ललितपुर: नुवाकोट घर ।

बासु पासा, वि.सं. २०४९, *कीर्तिपुर*, काठमाडौं: पासा प्रकाशन ।

भण्डारी, देवीप्रसाद, गौतमबज्र बज्राचार्य (सं.), वि.सं. २०२४, *श्री पृथ्वीनारायण शाहको उपदेश*, काठमाडौं: श्री दरवार ललितपुर, जगदम्बा प्रकाशन ।

मानन्धर, सुरक्षा, वि.सं. २०५८, "दहचोकमा कालु पाँडेको सालिक राखियोस्", *गोरखापत्र*, काठमाडौं ।

पाँडे वंशावली, भू.पू. प्रमुख सैनिक सचिव (अ.प्रा.) रथी ऋषिकुमार पाँडेको घर, ढल्कोवार, काठमाडौंमा सुरक्षित छ ।

पाँडे क्षेत्री, भीमबहादुर, वि.सं. २०३४, *राष्ट्रभक्तिको झलक*, काठमाडौं: रत्न पुस्तक भण्डार ।

रानामगर, वि.के., वि.सं. २०५४, *गोरखाका मगरहरु*, काठमाडौं: राजमैयाँ रानामगर, बत्तिस पुतली ।

वज्राचार्य, धनवज्र, वि.सं. २०५६, *मल्लकालका अभिलेख*, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, शुक्रसागर, वि.सं. २०५७, *कीर्तिपुरको साँस्कृतिक र पुरातात्विक इतिहास*, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर ।

वज्राचार्य, धनवज्र, वि.सं. २०१९, *त्रिरत्न सौन्दर्यगाथा*, काठमाडौं: नेपा संस्कृत परिषद्, नेपाल ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, वि.सं. २०३२, *नुवाकोट्को ऐतिहासिक रुपरेखा*, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान ।